कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

मितिः- २०७९/०८/१६

## प्रदेश शासकीय पुस्तकका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना

यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार **प्रदेश शासकीय पुस्तक प्रकाशन** गर्ने कार्यक्रम रहेको छ। उक्त पुस्तकमा प्रकाशन गर्ने प्रयोजनार्थ प्रदेश सरकार मातहतका कर्मचारी तथा पदाधिकारीहरू लगायत वाह्य विज्ञहरूबाट समेत प्रदेश सरकारको सेवा प्रवाह र शासकीय प्रवन्ध, सार्वजनिक व्यवस्थापन, विकास ब्यवस्थापन, सुशासन, सार्वजनिक सेवा प्रवाह, नवप्रवर्तनात्मक कार्य, प्रदेश सरकारसँगको अनुभव एवम् नीति, योजना तथा कार्यक्रमसंग सम्वन्धित लगायतका बिषयमा देहायको ढाँचा र शर्तमा रही लेख रचना यही मिति २०७९ साल मंसिर २५ गतेभित्र उपलब्ध गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

***ढाँचा***

- शीर्षक
- लेखकको परिचय एक छोटो अनुच्छेदमा (नाम, पद, कार्यालय, बिषय विज्ञता, अनुभव, फोन, इमेल, Digital Photo)
- लेखको सारांश
- मुख्य बिषयवस्तु
- निष्कर्ष
- सन्दर्भ सामग्रीहरू

***शर्तहरू***

- लेख कालिमाटी फन्ट ११ साइजमा हुनुपर्नेछ।
- २५०० देखि ३००० शब्दको हुनुपर्नेछ वा A4 पेपर बढीमा ५ पेज हुनुपर्नेछ।
- भाषा नेपाली वा अङ्ग्रेजी वा दुबै भाषा प्रयोग गर्न सकिनेछ।
- छनौट र लेख रचना प्रकाशन गर्ने नगर्ने अधिकार यस कार्यालयमा रहनेछ।
- प्रकाशन भएका लेख रचना वापत लेखकलाई नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ।
- अन्यत्र प्रकाशित भइ सकेका र प्रकाशन हुने भएका लेख रचनाहरू उपलब्ध गराउन पाइनेछैन। तर समयानुकुल संशोधित बिषय राखिएको भएमा प्रकाशन गर्न सकिनेछ।
- यस पुस्तकमा प्रकाशन भएका लेख रचनाको सर्वाधिकार प्रदेश सरकारमा रहनेछ।
- लेख रचना प्रकाशन भएको बिषयमा सम्वन्धित लेखकले स्पष्ट पार्नुपर्नेछ।
- लेख रचनाको प्रिन्ट कपी सहित इमेल ocmcmkarnali@gmail.com मा सफ्टकपी पठाउनु पर्नेछ।